आज मिति २०७३ साल मंसीर २१ गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक प्रमुख एवं कार्यकारी अधिकृत श्री काशी राम गैरे ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

१. प्रमुख एवं कार्यकारी अधिकृत श्री काशीराम गैरे, र.न.पा. कार्यालय द

**अन्य उपस्थिति :**

१. आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय द

२. योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय द

३. सामाजिक विकास शाखा प्रमुख श्री तेजेन्द्रनाथ लामिछाने, र. न. पा. कार्यालय द

४. प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय द

५. भूकम्प सुरक्षा तथा नक्सा शाखा, ई.श्री नमेश गुरुङ्ग, र.न.पा. कार्यालय द

६ आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय द

७. खरिद तथा जिन्सी व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय द

८. राजश्व उपशाखा प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय द

९. ने.न.क.ए. इकाई समिति रत्ननगरका प्रतिनिधी उपाध्यक्ष श्री शंकर गिरी द

१०. वातावरण विज्ञ श्री सन्ध्या रिजाल, र. न. पा. कार्यालय द

**निर्णय :**

**निर्णय नं.१:** जिल्ला विकास समिति कार्यालय, नुवाकोटबाट यस रत्ननगर न. पा. मा सरुवा भै आएका ( साविक पिठुवा गाविस सचिव) ना.सु. (पंजिकाधिकारी) श्री चन्द्रमणी आचार्यलाई यस न. पा. को पंजिकरण इकाईको जिम्मेवारी दिने र व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, वसाई सराई र सम्बन्ध विच्छेद) को प्रतिलिपी प्रमाणित गर्ने साथ अभिलेखको जिल्ला विकास समिति पठाउने लगायत तत् सम्बन्धि सम्पूर्ण कार्य गर्ने गरी कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं. २:** आ. व. २०७२।०७३ को मिति २०७३।०७।२९ गते भएको सामाजिक परिक्षण कार्यक्रमको प्रतिवेदन सम्बन्धमा छलफल गरियो । कार्यक्रम मार्फत आएका सुझावहरु आगामी नगर परिषद बैठकमा अनुमोदनका लागि पेश गर्ने साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा १(एक) प्रति पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३:** यस न. पा. को वातावरणमैत्री कार्यक्रम (EFLG) अन्तर्गत ५०(पचास) थान सडक सौर्य वत्ती जडानको लागि EFLG कार्यक्रमबाट ५०%, उपभोक्ताबाट ४०% र नगरपालिकाबाट १०% व्यय हुने गरी ३०(तीस) दिने सार्वजनिक सूचना (टेण्डर) आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** यस न. पा. को वातावरणमैत्री कार्यक्रम (EFLG) अन्तर्गत २००(दुई सय) थान कम्पोष्ट बीन वितरणको लागि EFLG कार्यक्रमबाट ६७% र उपभोक्ताबाट ३३% व्यय हुने गरी १५(पन्ध्र) दिने कोटेसन आव्हान गर्ने निर्णय गरियो ।